सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
धनगढी, कैलाली
२०७४

सुदूरपश्चिम प्रदेश स्वास्थ्य उपचार आर्थिक सुविधा सम्बन्धी कार्यविधि, २०८०

प्रदेश सरकार (मन्त्रिपरिषद्)बाट स्वीकृत मितिः २०८०।०७।१८

प्रस्तावना: प्रदेशका आर्थिक रूपले विपन्न बिरामीलाई कडा रोगको उपचार र आपतकालीन खर्च सुविधा प्रदान गर्ने कार्यलाई सरल, पहुँचयोग्य, पारदर्शी र प्रभावकारी बनाउन वाञ्छनीय भएकाले,

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी सुदूरपश्चिम प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

परिच्छेद-१
प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस कार्यविधिको नाम "सुदूरपश्चिम प्रदेश स्वास्थ्य उपचार आर्थिक सुविधा सम्बन्धी कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अस्पताल" भन्नाले स्वास्थ्य सेवा प्रदान गर्न प्रचलित कानुन बमोजिम अनुमति प्राप्त सरकारी तथा अन्य अस्पताल सम्झनु पर्छ।

(ख) "आर्थिक रूपले विपन्न" भन्नाले स्थानीय तहले आर्थिक रूपले विपन्न भनी सिफारिस गरेको व्यक्ति सम्झनु पर्छ ।

(ग) "कडा रोग" भन्नाले क्यान्सर, मृगौला प्रत्यारोपण, कलेजो प्रत्यारोपण, बोनम्यारो प्रत्यारोपण, मुटुको शल्यक्रिया (भल्भ फेर्ने, बाइपास सर्जरी, लेजर सर्जरी), स्पाइनल सर्जरी, मस्तिष्कघात (ब्रेन ह्यामरेज), प्यारालाइसिस तथा नसा सम्बन्धी रोगको सर्जरी सम्झनु पर्छ ।

(घ) "चिकित्सक" भन्नाले प्रचलित कानुन बमोजिम चिकित्सकको रुपमा सम्बन्धित परिषद्मा दर्ता भएको व्यक्ति सम्झनु पर्छ ।

(ङ) "जाँचबुझ तथा मूल्याङ्कन समिति" भन्नाले दफा ५ बमोजिमको समिति सम्झनु पर्छ।

(च) "प्रदेश" भन्नाले सुदूरपश्चिम प्रदेश सम्झनु पर्छ ।

(छ) "बिरामी" भन्नाले कडा रोग लागेका व्यक्ति सम्झनु पर्छ ।

(ज) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको स्वास्थ्य क्षेत्र हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(झ) "सिफारिस समिति" भन्नाले दफा ३ बमोजिमको समिति सम्झनु पर्छ ।

(ञ) "स्थानीय तह" भन्नाले प्रदेशका गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ ।

परिच्छेद-२
समिति सम्बन्धी व्यवस्था

३. सिफारिस समिति: (१) कडा रोग लागेका आर्थिक रुपले विपन्न नागरिकलाई आर्थिक सुविधा उपलब्ध गराउने प्रयोजनका लागि मन्त्रालयमा सिफारिस गर्न स्थानीय तहमा देहाय बमोजिमको एक सिफारिस समिति रहनेछः-

सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
धनगढी, कैलाली
२०७४

(क) स्थानीय तहको प्रमुख वा अध्यक्ष - संयोजक

(ख) स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) स्थानीय तहको स्वास्थ्य शाखा प्रमुख - सदस्य

(२) सिफारिस समितिको बैठक तथा सिफारिस सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गर्न सक्नेछ।

४. <u>समितिको काम, कर्तव्य र अधिकारः</u> (१) दफा ३ बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कडा रोग लागेका व्यक्ति वा निजका एकाघरका सदस्य वा संरक्षकले आर्थिक सुविधाका लागि पेस गरेको उपचारसँग सम्बन्धित कागजात र अनुसूची-१ बमोजिमको निवेदन संकलन गर्ने,

(ख) खण्ड (क) बमोजिम संकलित निवेदन अनुसार स्वास्थ्य स्थिति र आर्थिक अवस्थाको जाँचबुझ गरी उपयुक्त देखिएमा आर्थिक सुविधाका लागि निर्णय गरी मन्त्रालयमा सिफारिस गर्ने,

(ग) समितिले खण्ड (ख) बमोजिमको सिफारिससाथ समितिको निर्णय र अनुसूची- १ बमोजिमको फारामको प्रमाणित प्रतिलिपि समेत संलग्न राख्नुपर्ने,

(घ) सिफारिस गरिएका बिरामीको अभिलेख अनुसूची-२ बमोजिम राख्ने ।

(२) सिफारिस समितिले सिफारिस गर्दा देहायका विषयलाई आधार लिनु पर्नेछः-

(क) रोगको पहिचान खुल्ने चिकित्सकको प्रेस्क्रिप्सन,

(ख) आर्थिक विपन्नताको अवस्था,

(ग) कडा रोगको विवरण ।

५. <u>जाँचबुझ तथा मूल्यांकन समितिः</u> (१) दफा ८ बमोजिम प्राप्त निवेदन सहितका कागजातको जाँचबुझ र मूल्यांकन गर्न मन्त्रालयमा देहाय बमोजिमको जाँचबुझ तथा मूल्यांकन समिति रहनेछः-

(क) प्रमुख, अस्पताल विकास तथा चिकित्सा सेवा महाशाखा, मन्त्रालय - संयोजक

(ख) मन्त्रालयले तोकेको विशेषज्ञ चिकित्सक - सदस्य

(ग) अधिकृत प्रतिनिधि, आर्थिक मामिला मन्त्रालय - सदस्य

(घ) शाखा प्रमुख, कानुन तथा फैसला कार्यान्वयन शाखा, मन्त्रालय - सदस्य

(ङ) मन्त्रालयले तोकेको जनस्वास्थ्य महाशाखाको अधिकृत - सदस्य सचिव

(२) समितिको बैठक आवश्यकतानुसार संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) समितिले आवश्यकता अनुसार अन्य कर्मचारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
धनगढी, कैलाली
२०७४

६. <u>समितिको काम, कर्तव्य र अधिकारः</u> दफा ५ बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आर्थिक सुविधाका लागि कडा रोग लागेका बिरामीले पेस गरेका निवेदन सहितका कागजातको जाँचबुझ र मूल्यांकन गर्ने,

(ख) खण्ड (क) बमोजिम कागजातको जाँचबुझ र मूल्यांकन गर्दा रितपूर्वक देखिएमा रोगको गाम्भीर्यता र बिरामीको आर्थिक पक्ष समेत हेरी आर्थिक सुविधाका लागि मन्त्रालय समक्ष सिफारिस गर्ने,

(ग) खण्ड (ख) बमोजिम सिफारिस गर्दा दफा ७ बमोजिमको रकमको सीमाभित्र रही आर्थिक सुविधा उपलब्ध गराउन रकम निर्धारण गर्ने ।

परिच्छेद-३
<u>कडा रोगको उपचार सुविधा सम्बन्धी व्यवस्था</u>

७. <u>स्वास्थ्य उपचार आर्थिक सुविधा रकमः</u> (१) दफा ५ बमोजिमको समितिको सिफारिसका आधारमा कडा रोग लागेका बिरामीलाई मन्त्रालयको मन्त्रीस्तरीय निर्णयबाट बढीमा एक लाख रुपैयासम्म र मुख्यमन्त्रीस्तरीय निर्णयबाट बढीमा दुई लाख रुपैयाँसम्म उपलब्ध गराउन सकिनेछ।

(२) उपदफा (१) बमोजिम उपलब्ध गराइने रकम बिरामीको बैंक खातामा पठाइनेछ ।

तर बिरामीको बैंक खाता नभए वा बैंकिङ्ग कारोबार गर्न असमर्थ भएमा निजले मञ्जुरी दिएको निजको एकाघर वा संरक्षक वा नजिकको नातेदारको बैंक खातामा पठाइनेछ ।

८. <u>निवेदनसाथ पेस गर्नुपर्ने कागजातहरुः</u> आर्थिक सुविधा माग गर्ने बिरामी वा निजका एकाघरका व्यक्ति वा संरक्षकले देहायका कागजात संलग्न राखी मन्त्रालय समक्ष निवेदन पेस गर्नु पर्नेछः-

(क) अनुसूची-४ बमोजिमको निवेदन,

(ख) बिरामीको नेपाली नागरिकताको प्रतिलिपि वा परिचय खुल्ने कागज,

(ग) चिकित्सकको प्रेस्क्रिप्सन,

(घ) चिकित्सकको प्रेकिप्सन अनुसारको रोगको निदान, चेकजाँच र औषधोपचारमा लागेको खर्च बमोजिमको विल भरपाई,

(ङ) बिरामी बालबालिकाको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि,

(च) दफा ३ बमोजिमको समितिको निर्णय सहितको सिफारिस,

(छ) अनुसूची-१ बमोजिमको निवेदन फाराम,

(ज) बिरामीको वा निजको एकाघर वा संरक्षक वा नजिकको नातेदारको बैंक खाता विवरण ।

सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
धनगढी, कैलाली
२०७४

परिच्छेद-४

आपतकालीन खर्च सुविधा सम्बन्धी व्यवस्था

९. आपतकालीन खर्च सुविधा सम्बन्धी व्यवस्थाः (१) कडा रोग वा अन्य कुनै रोग लागेका अति विपन्न र असहाय व्यक्तिका सम्बन्धमा देहायको अवस्था आइपरेमा मन्त्रालयको मन्त्रीको निर्णयका आधारमा बढीमा बीस हजार रुपैयासम्म आपतकालीन खर्च सुविधा वापत उपलब्ध गराउन सकिनेछः-

(क) रोग लागेको व्यक्तिलाई आपतकालीन अवस्था भई तुरुन्त अस्पताल पुर्‍याउनु परेमा एम्बुलेन्स वा सवारी यातायातको खर्च व्यवस्थापन गर्न, र

(ख) रोग लागेको व्यक्तिको उपचारको क्रममा अस्पतालमै मृत्यु भई निजको शव घरसम्म पुरयाउन वा व्यवस्थापनका लागि खर्चको अभाव भएमा।

(२) उपदफा (१) बमोजिमको विशेष सुविधा पाउनका लागि अनुसूची-५ बमोजिमको निवेदन साथ सम्बन्धित स्थानीय तहको सिफारिस र अस्पतालको प्रेस्क्रिप्सन वा व्यहोरा पुष्ट्याई हुने कागजात पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम उपलब्ध गराइने रकम रोग लागेको व्यक्ति वा निजको एकाघर वा संरक्षक वा नजिकको नातेदारको बैंक खातामा पठाइनेछ ।

परिच्छेद-५

विविध

१०. पुनः आर्थिक सुविधा उपलब्ध नगराइनेः बिरामीलाई औषधी उपचार बापतको सुविधा मन्त्रालयबाट एक आर्थिक वर्षमा एक पटक उपलब्ध गराइनेछ।

तर कडा रोगको प्रकृति फरक भएमा यस कार्यविधि बमोजिम आर्थिक सुविधा पुनः उपलब्ध गराउन बाधा पर्ने छैन ।

११. अभिलेख राख्नुपर्नेः आर्थिक सुविधाका लागि पेश हुन आएका निवेदन र प्रदान गरिएको सुविधा रकम मन्त्रालयले अनुसूची-३ बमोजिमको ढाँचामा अभिलेख राख्नु पर्नेछ।

१२. विवरण सार्वजनिक गर्नुपर्नेः आर्थिक सहायता भुक्तानी भएको विवरण मन्त्रालयले प्रत्येक तीन/तीन महिनामा वेभसाइट मार्फत सार्वजनिक गर्नेछ।

१३. कारबाही तथा असुलउपर गर्नेः (१) यस कार्यविधि बमोजिम आर्थिक सुविधा लिन झुट्टा कागज बनाउने व्यक्ति वा पदाधिकारीलाई आवश्यक कारवाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम झुट्टा विवरण पेस गरी आर्थिक सहायता रकम लिने व्यक्तिबाट उक्त रकम सरकारी बाँकी सरह असुलउपर गर्नु पर्नेछ।

१४. गुनासो सुनुवाइः (१) यस कार्यविधि बमोजिमको आर्थिक सुविधा सहज ढङ्गले नपाएको विषयमा मन्त्रालयको सचिवसमक्ष गुनासो गर्न सकिनेछ।

सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
धनगढी, कैलाली
२०७४

(२) मन्त्रालयको सचिवले उपदफा (१) बमोजिमको गुनासोउपर आवश्यक जाँचबुझ गरी सम्बोधन गर्नु पर्नेछ ।

१५. <u>प्रचलित कानुन बमोजिम हुने</u>: यस कार्यविधिमा उल्लिखित विषयमा यसै कार्यविधि बमोजिम र अन्य कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

१६. <u>खारेजी र बचाउ</u>: (१) आर्थिक रूपले विपन्न नागरिक औषधी उपचार आर्थिक सहायता निर्देशिका, २०७६ खारेज गरिएको छ ।

(२) उपदफा (१) मा उल्लिखित निर्देशिका बमोजिम भए गरेका काम कारबाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
धनगढी, कैलाली
२०७४

अनुसूची -१

(दफा ४ को उपदफा (१) को खण्ड (क) संग सम्बन्धित)

<u>बिरामीले स्थानीय तहमा पेस गर्ने निवेदन फाराम</u>

श्री ....

............................गा.पा/न.पा

....

देहाय बमोजिमको विवरण भरी विपन्न नागरिकको स्वास्थ्य उपचार आर्थिक सुविधा सिफारिसका लागि अनुरोध गर्दछु:-

क.सं	विवरण	कैफियत
१	<u>वैयक्तिक विवरण</u> बिरामीको नामः उमेरः लिंगः नागरिकता नं. जारी गर्ने जिल्लाः <u>स्थायी ठेगानाः</u> जिल्लाः गा.पा./न.पा. वडा नंः <u>अस्थायी ठेगानाः</u> जिल्लाः गा.पा./न.पा. वडा नंः पेशाः परिवार सदस्य संख्याः अनुमानित वार्षिक आम्दानीः	
२.	रोगको किसिमः	
३.	उपर्युक्त बमोजिम ठिक साँचो हो झुट्टा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला। निवेदकको नामः दस्तखतः मितिः सम्पर्क नं	

सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
धनगढी, कैलाली
२०७४

अनुसूची-२

(दफा ४ को उपदफा (१) को खण्ड (घ) संग सम्बन्धित)

स्थानीय तहले राख्ने बिरामीको अभिलेख

स्थानीय तहको नामः

आर्थिक वर्षः

क्र.सं	बिरामीको नाम	उमेर	लिङ्ग	नागरिकता प्र.प.नं./ जन्मदर्ता नं.	ठेगाना	रोगको किसिम	उपचार गरेको अस्पताल	कैफियत

तयार गर्नेः
नामः
पदः
दस्तखतः

प्रमाणित गर्नेः
नामः
पदः
दस्तखतः

सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
धनगढी, कैलाली
२०७४

अनुसूची-३

(दफा ११ संग सम्बन्धित)

आर्थिक सुविधा माग गर्ने बिरामीको अभिलेख

आर्थिक बर्षः

क.सं	बिरामीको नाम	ठेगाना	उमेर	नागरिकता प.नं./जन्मदर्ता प्रमाणपत्र नं.	रोगको किसिम	प्रदान गरिएको सुविधा रकम	कैफियत

तयार गर्नेः

नामः

पदः

दस्तखतः

प्रमाणित गर्ने

नामः

पदः

दस्तखतः

सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
धनगढी, कैलाली
२०७४

अनुसूची-४

(दफा ८ को खण्ड (क) संग सम्बन्धित)

बिरामीले आर्थिक सुविधाका लागि मन्त्रालयमा पेस गर्ने निवेदनको ढाँचा

श्री सामाजिक विकास मन्त्रालय
सुदूरपश्चिम प्रदेश, धनगढी

विषयः स्वास्थ्य उपचार आर्थिक सुविधा पाउँ ।

म...लाई मिति ....देखि..रोग लागी ....अस्पतालमा स्वास्थ्य उपचार गराएको/गराइरहेकोले आर्थिक सुविधा उपलब्ध गराइपाउँ भनी देहायका कागजातहरु संलग्न राखी निवेदन पेस गरेको छु । यसमा संलग्न गरिएका उपचार सम्बन्धी कागजात र विवरणहरु ठिक छन्, फरक परे कानुन बमोजिम सहुँला बुझाउँला ।

संलग्न कागजातहरूः

१. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि वा परिचय खुल्ने कागज,
२. बालबालिकाको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि,
३. चिकित्सकको प्रेस्क्रिप्सन,
४. रोगको निदान, चेकजाँच र औषधोपचारमा लागेको खर्च बमोजिमको सक्कल विल भरपाई,
५. स्थानीय सिफारिस समितिको निर्णयको प्रमाणित प्रतिलिपि,
६. अनुसूची-१ बमोजिमको फारामको प्रमाणित प्रतिलिपि,
७. बैंक खाता विवरण ।

निवेदकको विवरण

बिरामी वा संरक्षकको नाम थरः. ....
बुवा/आमाको नाम थरः ....
स्थायी ठेगानाः ....
सम्पर्क नं..
बिरामी वा संरक्षकको बैंक खाता विवरणः ....
उपचार गरेको अस्पतालको नाम, ठेगानाः ....

औठा छाप

दायाँ	बायाँ

निवेदकको दस्तखतः

सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
धनगढी, कैलाली
२०७४

अनुसूची-५

(दफा ९ को उपदफा (२) संग सम्बन्धित)

आपतकालीन खर्च सुविधाका लागि पेस गर्ने निवेदनको ढाँचा

माननीय मन्त्रीज्यू,

सामाजिक विकास मन्त्रालय, सुदूरपश्चिम प्रदेश, धनगढी

विषयः आपतकालीन खर्च सुविधा पाउँ ।

म...लाई देहायको अवस्था परी आपतकालीन खर्च आवश्यक परेकाले दफा ८ बमोजिमको आपतकालीन खर्च सुविधा पाउँ भनी यो निवेदन पेस गरेको छु । व्यहोरा ठिक साँचो हो, फरक परे कानुन बमोजिम सहुँला बुझाउँला ।

देहाय (कुनै एउटामा चिन्ह लगाउनुहोस)

(क) एम्बुलेन्स वा सवारी यातायातको खर्च व्यवस्थापन गर्न,

(ख) रोग लागेको व्यक्तिको उपचारको क्रममा अस्पतालमै मृत्यु भई शव घरसम्म पुरयाउन वा व्यवस्थापनका लागि खर्चको अभाव भएमा ।

निवेदकको विवरण

निवेदकको नाम थरः. ....

स्थायी ठेगानाः ....

सम्पर्क नं...

रोग लागेको व्यक्ति वा निजको एकाघर वा संरक्षक वा नजिकको नातेदारको बैंक खाता विवरणः ....

औठा छाप

दायाँ	बायाँ

निवेदकको दस्तखतः

मन्त्रीस्तरबाट भएको निर्णय

पेश भएको निवेदन व्यहोरा र संलग्न कागजात हेर्दा निवेदकको व्यहोरा मनासिब देखिएकोले निजलाई सुदूरपश्चिम प्रदेश स्वास्थ्य उपचार आर्थिक सुविधा सम्बन्धी कार्यविधि, २०८० को दफा ९ बमोजिम आपतालीन खर्च सुविधा वापत रु......................(अक्षरेपी...) उपलब्ध गराउने निर्णय गरेको छु । नियमानुसार उपलब्ध गराइदिनु।

....

दस्तखत छाप